# संघीय संसद

## प्रतिनिधि सभा

# शिक्षा तथा स्वास्थ्य समिति

(शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय)

बैठक संख्या-

मितिः– २०७७/०५/०९ गते ।

समयः– दिनको १:०० बजे ।

शुरुः- अन्त्यः- बजे

संघीय संसद शिक्षा तथा स्वास्थ्य समितिको सभापति माननीय जयपुरी घर्तीको सभापतित्वमा भिडियो कन्फेरन्स मार्फत समितिको माननीय सदस्यहरुसंग विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाईरस(COVID-19)बाट नेपालमा हालैका दिनहरुमा स्थिती भयावह हुदैं गई रहेको र NON-COVID विरामीहरुले पनि उपचार समयमा नपाई मृत्युवरण हुन वाध्य भएको विषयमा व्यवपक छलफल गरी यसको समाधान व्यवस्थापन, उपचार, रोकथाम र नियन्त्रणको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निम्न निर्देशन दिने निर्णय भयो ।

१) संक्रमणको कारणले जोखिमयुक्त जिल्लाहरुमा Contact Tracing लाई प्रभावकारी बनाउने र PCR Test गर्ने र त्यसको Report तोकिएको समयमा यथाशिघ्र सम्बन्धित व्यक्तिलाई जानकारी गराई सक्ने ।

२) Positive Case देखिएकाहरुलाई व्यवस्थित Isolation Center अक्सिजन सहितको व्यवस्था र उनिह लाई स्वास्थ्यवर्धक र सन्तुलित आहारको प्रबन्ध मिलाउने ।

३) Positive देखिएका Shiver Case का विरामीहरुका लागि जोखिमपूर्ण सवै जिल्लाहरुमा भेन्टिलेटर सहितको आवश्यक उपकरणहरु राखि Isolation सेन्टर र ICU को व्यवस्था यथाशिघ्र गर्ने ।

४) यस COVID-19 को उपचार रोकथाम र नियन्त्रणको कार्यलाई प्रभावकारी बनाउन संघ प्रदेश र स्थानिय तह विचमा सक्रिय समन्वय र सहकार्य लाई घनिभूत गर्नु पर्ने ।

५) सघिंय राजधानी काठमाण्डौं उपत्यकामा हालैका दिनहरुमा देखा परिरहेको संक्रमितको संख्याले स्थिति भयावह बन्दै गईरहेको छ । घनिभूत बसोवास भएको शहर भएको हुदाँ समयमानै उपचार, रोकथाम र नियन्त्रणको लागि व्यवस्थित र सशक्त कदम चाल्न नसकेमा स्थिती निकै भयावह हुने देखिन्छ । स्थानीय तह संग घनिभूत समन्वय गर्ने र Contact Tracing लाई प्रभावकारी बनाउदैं Test Result लाई बिना विलम्ब तोकिएको समयमा यथाशिघ उपलब्ध गराउने र Positive Result देखिएका लाई तत्काल Isolation मा राख्ने व्यवस्था मिलाउने । साथै सम्वन्धीत व्यक्तिलाई रिपोर्टको विषयमा जानकारी दिन मोवाईल फोन, भाईवर, म्यासेन्जर मार्फत तुरुन्त जानकारी दिने व्यवस्था मिलाउने ।

६) संक्रमित व्यक्तिलाई आफ्नै घरमा Isolation मा राख्ने कार्यले अरुलाई संक्रमणको अवस्थालाई नियन्त्रण भन्दा झनै परिवार र परिवारबाट टोल समुदायमा सर्ने अवस्था भएको हुदाँ सरकारले नै पर्याप्त Isolation केन्द्रहरु व्यवस्थापन गर्नु पर्ने ।

७) Isolation केन्द्रहरु मापदण्ड अनुसार सञ्चालन भईरहेको छ छैन जाँच गर्ने, अनुगमन गर्ने व्यवस्था मिलाउने ।

८) काठमाण्डौ राजधानीलाई सम्भावित भयावह अवस्थाबाट बचाउन व्यापक PCR Test गराउने व्यवस्था मिलाउने ।

९) अति संक्रमित स्थानहरुमा केही समयका लागि घर घरमा नयाँ मान्छेको प्रवेशलाई निषेध गर्ने र अति आवश्यक समाग्री लिएर आउने मानिसहरु लाई Time Card प्रयोग गरी मानिसको संख्या समेत उल्लेख गरी चेक चाँज गर्दै आउने जाने व्यवस्था मिलाउनु पर्ने । अति आवशकीय समाग्री ढुवानी गर्ने । गाडीहरुले दुरुपयोग गरेमा कडा कारवाही गर्नु पर्ने ।

१०) स्वास्थ्य कर्मिहरुको अभाव हुन नदिन MBBS कोर्ष सम्पन्न गरि अनुमति परिक्षा (license Exam) को लागि कुरी रहेको विद्यार्थीहरुको यथासिघ्र परिक्षाको व्यवस्था गरी उक्त जनशक्तिलाई स्वास्थ्य उपचारको क्षेत्रमा परिचालन गर्ने व्यवस्था मिलाउने ।

११) COVID-19 को उपचार, रोकथाम र नियन्त्रणको कार्यमा संलग्न स्वास्थ्य कर्मीहरुको भत्ता उपलब्ध गराउन बाकी ठाउँहरुमा यथासिघ्र उपलब्ध गराउने ।

१२) NON-COVID का विरामी र गर्भवती महिलाहरुलाई हाल सम्म पनि हस्पिटलहरुमा सहज उपचारको व्यवस्था हुन नसक्दा मृत्युवरण गर्नु पर्ने वाध्यात्मक अवस्था रहेको हुदाँ यथासिघ्र सहज उपचारको व्यवस्था मिलाउने । NON-COVID को उपचार व्यवस्था ठिक हिसाबले भएको छ छैन जाच गर्न निर्देशन र अनुगमनको व्यवस्था गर्ने ।

१३) निषेद्याज्ञाको अवस्थामा सर्वधारण जनतालाई दैनिक उपभोग्य सामग्री (तरकारी खाद्यान) खरिद गर्न टोल टोलमा साना पसलहरु खोल्ने व्यवस्था गरी एकै पल्ट भिड हुने स्थितिलाई अनत्य गर्नु पर्ने ।

१४) COVID-19 को रोकथाम र नियन्त्रणको लागि खोपको अनुसन्धान भैरहेको र अन्तिम परिक्षणमा पुगेकोले नेपालमा पनि यस्को परिक्षण गर्न गईरहेको समाचारबाट जानकारी भएको हुदाँ यस्तो परिक्षण लाई सिघ्र परिणाम आउने विधिलाई प्रयोग गर्नु उपयुक्त हुनेछ । खोप बजारमा आउने अवस्थामा समयमा नै यस्को प्रयोगको लागि योजना निर्माण गरी तिव्र तयारीमा लाग्न आवश्यक छ ।

१५) COVID-19 को संक्रमित र NON-COVID का विरामीहरु अस्पताल जान आउन एम्बुलेन्सको उचित व्यवस्था नहुदाँ ठूलो कठिनाई भोग्नु परि रहेको हुदाँ तत्काल आवश्यक व्यवस्था गर्नु पर्ने ।

१६) विदेशबाट आएका नेपाली कामदारहरुलाई क्वारिन्टीन, खाना बस्नेको व्यवस्था सरकारले गर्नु पर्ने र खाडी राष्ट्रमा भिषा अवधी समाप्त भई अलपत्र परिरहेका टिकट किन्न नसक्नेहरु लाई सरकारले टिकटको व्यवस्था गरी समयमानै नेपाल फर्काउने व्यवस्था मिलाउनु पर्ने ।

१७) हालै विभिन्न जिल्लाहरुमा स्वास्थ्यकर्मीहरु प्रति गरेको दुर्व्यहारको घोर भ्रत्सना गर्दै दुर्व्यहार गर्ने व्यक्तिलाई कडा कारवाहीको गर्नु पर्ने । COVID-19 को युद्धमा अग्र पंक्तिमा बसी काम गरी रहेका स्वास्थ्य कर्मीहरुलाई आवश्यक सुरक्षा प्रबन्ध मिलाउन र उनीहरुको खाना र बसोबासको उचित व्यवस्था मिलाउन नेपाल सरकारलाई दिर्नेशन गर्दछ ।

१८) ६० वर्ष माथिका समुहहरुमा संक्रमणको अनुपात बढ्दै गैरहेकोले ती समुहहरुलाई बचाउन समुदायलाई सचेत र जानकारी गराउनुका साथै जेष्ठ नागरिक लक्षित कार्यक्रमहरु लागू गर्नु पर्ने ।

१९) संक्रमण रोकथामका उपायहरुका बारेमा सबै स्वास्थ्यकर्मीहरुलाई तालीम दिने ।

२०) उमेर, वर्ष, ठेगाना, सम्पर्क नम्बरहरु पूर्ण रुपले भरिएको नपाईएकोले सो पूर्ण रुपले भर्न सबैलाई निर्देशन र आवश्यकता अनुसार तालीम दिने ।

साथै COVID-19 को रोकथाम र नियन्त्रणको लागि शिक्षा तथा स्वास्थ्य समितिले नेपाल सरकारबाट भएका प्रयासका विषयमा अनुगमन तथा निरिक्षण गर्न ७ सदस्यीय उपसमिति गठन गर्ने निर्णय भयो ।

१. मा० जीवनराम श्रेष्ठ २. मा० अञ्जना विशंखे ३. मा० एकवाल मियाँ

४. मा० तिलकबहादुर महत क्षेत्री ५. मा० नमिता कुमारी चौधरी ६.मा० सन्तकुमार थारु ७. मा० सरिता न्यौपाने

(जयपुरी घर्ती)
सभापति
शिक्षा तथा स्वास्थ्य समिति